सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.c
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

| | | |
|---|---|---|
| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।०९।२२ गते। |

**श्री गृह मन्त्रालय।**
**राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौं ।**

**बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र(DEOC) हरुको मिति २०८०।०९।२१ गते बेलुका १७:०० बजे देखि मिति २०८०।०९।२२ गतेको बिहान ०७:०० बजे सम्म विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार खुलाई पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ।

- **आगलागी सम्बन्धि**

**जिल्ला डडेल्धुरा**

मिति २०८०।०९।२१ गते १८:५५ बजेको समयमा जिल्ला डडेल्धुरा आलिताल गा.पा.वडा नं. ५ गोदाम स्थित ऐ.गाउपालिकाको निर्माणाधिन भबनमा काम गर्ने कामदार (लेबर) बस्न टिनले छाएको प्लाटिकले बेरी बनाएको कच्चि घर भित्र ग्यास सिलिण्डर बाट ग्यास लिक भई आगलागि भएको भनि खबर प्राप्त हुनासाथ प्रहरी र दम्कलको सहयोगमा ऐ.१९:३५ बजेको समयमा उक्त आगो नियन्त्रणमा आएको, मानविय क्षेति नभएको, कामदारहरुको बेड-बिस्तरा, लत्ता-कपडा र खाद्यन्न जलि पुर्णरुपमा क्षेती भएको, उक्त स्थानमा उद्धारको लागी नेपाल प्रहरीको ई.प्र.का.जोगबुढा बाट प्र.नि.गगन सिंह भाटको कमाण्डमा ५ र प्रहरी चौकी आलिताल बाट प्र.स.नि. धन सिंह धामीको कमाण्डमा ३ जनाको टोली खटिई गएको ।

- **आगलागी**

**जिल्ला बैतडी**

मिति २०८०/०९/२१ गते १८:३० बजेको समयमा जिल्ला बैतडी डिलाशैनि गाँउपालिका ६ थलाल गाउँ स्थित ऐ बस्ने पुष्कर थलालको काठलेबनेको दुईतले अस्थाई घरमा बिधुत लाईन सर्ट भई आगलागि हुदा नगद १ लाख ५० हजार,१ तोला ८ आना सुन, ३५ हजार बराबरको कपडा, खाद्यान्न लगायत ५ लाख बराबरको धनमालको क्षति भएको ,घर जलेर पुर्ण नष्ट भएको,स्थानिय तथा प्रहरीको सहयोगमा १९:३५ बजे आगो नियन्त्रणमा आएको,अन्य मानवीय तथा चौपाया क्षति नभएको । उक्त स्थानमा प्रहरी चौकी गोकुलेश्वरबाट प्र.स.नि. दान सिंह धामीको कमाण्डमा ०५ जनाको टोली खटिई गएको ।